# बर्दघाट नगरपालिकाको नीतिगत स्वायत्तता, भौतिक पूर्वाधार र सुशासनको रणनीतिक विश्लेषण

**नेपालको संघीयता अभ्यासको एक दशकः एक विवेचना**

- किशोर गैरे

## References

*नेपालको संविधान २०७२*. (२०७२). संविधान सभा-२०७०.

*महालेखा परीक्षकको वार्षिक प्रतिवेदन*. (२०७७-२०८१). महालेखा परीक्षकको कार्यालय।.

*राष्ट्रिय जनगणना २०७८ तथा बर्दघाट जनसंख्यिक विवरण २०८१*. (२०७९,२०८१). राष्ट्रिय तथ्याङ्क कार्यालय.

*स्थानीय राजपत्र*. (२०७४-२०८२). बर्दघाट नगरपालिका.

*स्थानीय सरकार संचालन ऐन*. (२०७४). नेपाल सरकार.

शारंश(**Abstract**):

प्रस्तुत अध्ययन प्रतिवेदनले नेपालमा संघीयता कार्यान्वयनको एक दशकको पृष्ठभूमिमा लुम्बिनी प्रदेश अन्तर्गतको बर्दघाट नगरपालिकाले तय गरेको नीतिगत स्वायत्तता, भौतिक पूर्वाधार विकास र सुशासनको अवस्थाको एक रणनीतिक विश्लेषण हो। यस अध्ययनले मुख्यतया नगरपालिकाद्वारा निर्मित ४५ भन्दा बढी स्थानीय ऐनहरूको सान्दर्भिकता र तिनको कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई केलाएको छ।

अध्ययनका क्रममा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क, महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन (२०७७—२०८१) र नगरपालिकाको स्थानीय राजपत्र (२०७४—२०८२) लाई प्राथमिक स्रोतको रूपमा लिइएको छ। विश्लेषणले के देखाएको छ भने, नगरपालिकाले भौतिक पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति गरे तापनि नीतिगत तहमा 'नमुना कानुन' (Model Law) माथिको निर्भरता र वित्तीय अनुशासनमा गम्भीर विचलनहरू कायमै छन्। विशेष गरी, २०८२ मा जारी भएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन' को भावना विपरीत बजेट रकमान्तर हुने प्रवृत्ति र बढ्दो बेरुजुले सुशासनमा प्रश्न खडा गरेको छ।

त्यसैगरी, जनगणना २०७८ ले देखाएको १२.४ प्रतिशतको लैङ्गिक साक्षरता अन्तर र युवा बेरोजगारी जस्ता सामाजिक—आर्थिक खाडललाई पुर्न नगरले चालेका 'नगर प्रमुखका १२ अभियान' र छात्रवृत्ति कोष जस्ता प्रयासहरू सकारात्मक भए तापनि तिनको प्रभावकारितामा अझै सुधारको खाँचो देखिन्छ। निष्कर्षमा, अबको प्रस्थान विन्दु केवल भौतिक निर्माण नभई प्रमाणमा आधारित नीति निर्माण (Evidence-based Policy), शून्य बेरुजु सहितको वित्तीय उत्तरदायित्व, र 'स्मार्ट बर्दघाट' को अवधारणा मार्फत डिजिटल सुशासन कायम गर्नु रहेको छ।

भूमिका (Statement)

बर्दघाट नगरपालिकाको राजनीतिक र विभिन्न सामाजिक अभियानहरूमा क्रियाशील रहँदै गर्दा मैले एउटा आधारभूत प्रश्न सधैं महसुस गरिरहें— **"के हाम्रा विकासका प्रयासहरू केवल भौतिक संरचनाको संख्यामा मात्र सीमित छन् कि ती नीतिगत जग र तथ्याङ्कीय आवश्यकतामा आधारित छन्?"**स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको अभिभावक हो। तर, जब शासन व्यवस्था 'प्रमाण' (Evidence) मा भन्दा 'प्रशंसा' मा र 'नीति' मा भन्दा 'पहुँच' मा आधारित हुन थाल्छ, तब संघीयताको वास्तविक लाभ तल्लो तहका नागरिकसम्म पुग्न सक्दैन। यही यथार्थलाई आत्मसात् गर्दै अध्ययनको क्रममा मैले निम्न तीनवटा मुख्य आयामलाई आधार बनाएको छुः

१. **नीतिगत चिरफारः** बर्दघाट नगरपालिकाले हालसम्म जारी गरेका ४५ भन्दा बढी ऐन र हालै (२०८१/०८२) मा ल्याइएका **मर्मत संभार कोष ऐन, विद्यार्थी दुर्घटना राहत कोष ऐन, र सहकारी अनुगमन कार्यविधि** जस्ता दस्तावेजहरू कत्तिको व्यावहारिक र कार्यान्वयनमुखी छन् भन्ने सूक्ष्म विश्लेषण गर्नु।

२. **तथ्यमा आधारित वकालतः राष्ट्रिय जनगणना २०७८** ले देखाएको बर्दघाटको साक्षरताको लैङ्गिक खाडल (१२.४%) र आर्थिक सक्रियताको तथ्याङ्कलाई आधार मानेर नगरको लगानी कुन क्षेत्रमा केन्द्रित हुनुपर्छ भन्ने प्रमाण पेश गर्नु।

३. **सुशासन र जवाफदेहिताको कसीः महालेखा परीक्षकको पछिल्लो प्रतिवेदन (२०७७—२०८१)** ले औंल्याएका प्रणालीगत त्रुटिहरू र बेरुजुको अवस्थालाई उजागर गर्दै आगामी दिनमा **लेखा समिति नियमावली,** २०८२ को प्रयोगमार्फत कसरी 'शून्य बेरुजु' को लक्ष्य हासिल गर्न सकिन्छ भन्ने मार्गचित्र प्रस्तुत गर्नु।

मेरो दृष्टिमा, अबको बर्दघाटलाई केवल 'बाटो र भवन' बनाउने मात्र होइन, बरु स्थानीय कानुनको अक्षरशः पालना गर्ने, आर्थिक अनुशासन कायम राख्ने र प्रविधिको प्रयोगमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने **'प्राज्ञिक र नैतिक नेतृत्व'** को आवश्यकता छ। यो शोधपत्र बर्दघाटका जनप्रतिनिधि, कर्मचारी, राजनीतिकर्मी र आम नागरिकका लागि एक **'नीतिगत ऐना'** बन्नेछ भन्ने मेरो विश्वास छ। यसले हामीलाई नयाँ प्रस्थान विन्दुमा उभिएर एउटा सुशासित र समृद्ध बर्दघाट निर्माण गर्ने दिशामा प्रेरित गर्नेछ।

-किशोर गैरे

# बर्दघाट नगरपालिकाको नीतिगत स्वायत्तता, भौतिक पूर्वाधार र सुशासनको रणनीतिक विश्लेषण

**नेपालको संघीयता अभ्यासको एक दशकः एक विवेचना**

## पृष्ठभूमि र सन्दर्भ

नेपालको संविधान (२०७२) ले स्थानीय तहलाई केवल प्रशासनिक एकाइका रूपमा मात्र होइन, बरु 'स्थानीय सरकार' का रूपमा संवैधानिक मान्यता दिएको छ। बर्दघाट नगरपालिका, जो लुम्बिनी प्रदेशको नवलपरासी (सुस्ता पश्चिम) मा अवस्थित एक उदीयमान आर्थिक केन्द्र हो, यसले संघीयताको पहिलो दशकमा केही उत्साहजनक र केही चुनौतीपूर्ण अनुभवहरू सँगालेको छ। यो अध्ययन प्रतिवेदन-पत्र नगरपालिकाको धरातलीय यथार्थ र नीतिगत प्रभावकारितामा केन्द्रित छ।

### १. कानुनी र संवैधानिक आधारः एक सूक्ष्म चिरफार (Legislative & Constitutional Dissection)

बर्दघाट नगरपालिकाको कानुनी संरचनालाई केवल ऐनहरूको सूचीका रूपमा मात्र होइन, **'स्थानीय विधायिकी स्वायत्तता'** को कसीमा विश्लेषण गर्नुपर्छ।

क) ***संवैधानिक निक्षेपण र स्थानीय स्वायत्तता***

**नेपालको संविधान** (२०७२) को अनुसूची ८ ले स्थानीय तहलाई राज्यशक्तिको प्रयोग गर्ने अधिकार दिएको छ। बर्दघाट नगरपालिकाको राजपत्र (२०७४-२०८२) अध्ययन गर्दा नगरपालिकाले ४५ भन्दा बढी ऐन त बनायो, तर यहाँ एउटा गम्भीर **'नीतिगत विरोधाभास'** देखिन्छ। अधिकांश ऐनहरू संघीय सरकारले पठाएका 'नमुना कानुन' (Model Laws) को हुबहु नक्कल देखिन्छन्। यसले गर्दा बर्दघाटको विशिष्ट भौगोलिक बनोट (चुरे र समथर फाँटको संगम) र राजमार्ग केन्द्रित अर्थतन्त्रलाई सम्बोधन गर्ने 'स्थानीय विशेषता' (Local Context) ती कानुनमा हराएका छन्। **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले दिएको स्वायत्ततालाई हामीले 'सिर्जनात्मक' भन्दा पनि 'प्रशासकीय' रूपमा मात्र प्रयोग गर्‍यौं।

### ख) आर्थिक ऐन २०८२/०८३ र वित्तीय परनिर्भरता

बर्दघाट नगरपालिकाको विगत ६ वर्षको वित्तीय प्रवृत्ति (२०७७—२०८३) अध्ययन गर्दा नगरपालिका एउटा **'वित्तीय दुष्चक्र' (Fiscal Trap)** मा फसेको देखिन्छ। एकातिर आन्तरिक स्रोत खुम्चिँदै गएको छ भने अर्कोतिर संघीय अनुदानमाथिको निर्भरता उच्च छ।

- *तथ्याङ्कीय यथार्थ र परनिर्भरताको खाडल*

आर्थिक ऐन २०८२ ले करका नयाँ क्षेत्रहरू पहिचान गरे पनि वास्तविक राजस्व संकलनको स्थिति निराशाजनक छ।२०७७ देखि २०८२ सम्मको बजेट विश्लेषण गर्दा आन्तरिक राजस्व कुल बजेटको १८% देखि २०% भन्दा माथि उक्लन सकेको छैन। यसको अर्थ बर्दघाटको प्रत्येक १०० रुपैयाँ खर्चमध्ये ८० रुपैयाँ संघीय र प्रदेश सरकारको अनुदान (समानीकरण, सशर्त, विशेष र समपूरक) मा निर्भर छ।यो परनिर्भरताले नगरपालिकाको 'स्थानीय स्वायत्तता' लाई कमजोर बनाउँछ। संघीय सरकारले बजेट कटौती गर्नासाथ बर्दघाटका ठूला आयोजनाहरू अलपत्र पर्ने जोखिम सधैं रहन्छ।

- 'करदाताको मनोविज्ञान' र स्वैच्छिक सहभागिताको अभाव

करका दायरा विस्तार गर्नु मात्र पर्याप्त हुँदैन, कर तिर्ने वातावरण (Tax Compliance) बनाउनु महत्त्वपूर्ण हुन्छ। बर्दघाटमा 'स्वैच्छिक कर सहभागिता' न्यून हुनुका पछाडि तीनवटा मुख्य कारण देखिन्छ।

- प्रत्यक्ष प्रतिफलको अभाव (Lack of Direct Linkage): नागरिकले तिरेको 'सम्पत्ति कर' वा 'व्यवसाय कर' ले आफ्नै टोलको फोहोर व्यवस्थापन, सडक बत्ती वा नाला सुधारमा कसरी योगदान गरिरहेको छ भन्ने स्पष्ट देखिँदैन।
- जटिल कर प्रणाली: अझै पनि कर तिर्ने प्रक्रिया झन्झटिलो र कागजी हुनुले साना व्यवसायीहरू करको दायराभन्दा बाहिरै बस्न रुचाउँछन्।
- विश्वासको संकट (Trust Deficit): महालेखा परीक्षकको प्रतिवेदन (२०७७—२०८१) ले निरन्तर औँल्याएको उच्च बेरुजु र फजुल खर्चले नागरिकमा "हामीले दुःख गरेर तिरेको कर कर्मचारी र जनप्रतिनिधिको विलासिता वा भ्रष्टाचारमा खर्च भइरहेको छ" भन्ने नकारात्मक धारणा बलियो बनाएको छ।

- *बेरुजुको ग्राफ र वित्तीय अनुशासनः*

महालेखाको प्रतिवेदन (२०७७—२०८१) को ऐनामा बर्दघाटमहालेखाको पछिल्लो प्रतिवेदनले बर्दघाटको **'वित्तीय सदाचार'** माथि प्रश्न उठाएको छ। उपभोक्ता समिति मार्फत गरिने काममा पारदर्शीता नहुनु, समयमै पेश्की फस्यौंट नगर्नु र नियमविपरीत बजेट रकमान्तर गर्नुले नगरको वित्तीय साख गिराएको छ। **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन** को पालना नहुँदा 'अनुत्पादक खर्च' बढेको छ, जसले गर्दा आन्तरिक स्रोत विकास निर्माणमा भन्दा प्रशासनिक कार्यमै सकिने गरेको छ।

२०७७/७८ देखि २०८०/८१ सम्मको तथ्याङ्क अध्ययन गर्दा बर्दघाटमा बेरुजुको ग्राफ स्थिर वा ओरालो लाग्नुको सट्टा 'संरचनात्मक' रूपमा बढिरहेको देखिन्छ।

• **तथ्याङ्कीय प्रवृत्तिः** अघिल्ला वर्षहरूको तुलनामा पछिल्ला वर्षहरूमा **'असुल उपर गर्नुपर्ने'** र **'नियमित गर्नुपर्ने'** बेरुजुको हिस्सा बढेको छ। महालेखाको प्रतिवेदन अनुसार, नगरको कुल लेखापरीक्षण अंकको करिब **३% देखि ५%** को हाराहारीमा बेरुजु देखिनुले वित्तीय अनुशासनको अभाव झल्काउँछ।

• **रकमान्तरको समस्याः** आर्थिक वर्षको अन्त्यमा नियमविपरीत 'बजेट रकमान्तर' गरी पूँजीगत बजेटलाई चालू खर्च वा अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्ति २०७७—२०८१ को बीचमा डरलाग्दो गरी दोहोरिएको देखिन्छ।

- *बेरुजु सिर्जनाका प्रमुख क्षेत्रहरू (Hotspots of Irregularities)*

महालेखाले बर्दघाटको सन्दर्भमा औंल्याएका मुख्य तीन क्षेत्रहरू निम्न छन्:

- **उपभोक्ता समिति र अपारदर्शिताः** नगरपालिकाले ठूलो संख्यामा योजनाहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेको छ। तर, ती समितिहरूले **सार्वजनिक खरिद ऐन** र **स्थानीय सरकार सञ्चालन ऐन** को मर्म विपरीत 'हेभी इक्युपमेन्ट' प्रयोग गर्ने, प्रतिस्पर्धा नगराउने गर्ने गरेको प्रतिवेदनले औंल्याएको छ।
- **पेश्की फस्यौंटमा उदासीनताः** कर्मचारी र पदाधिकारीहरूले लिएको वैयक्तिक पेश्की र निर्माण कार्यका लागि दिइएको पेश्की वर्षौंसम्म फस्यौंट नहुनु बर्दघाटको ठूलो समस्या हो। यसले **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन** को ठाडो उल्लंघन गरेको छ।
- **अनुत्पादक र प्रशासनिक खर्चको दबाबः** नगरपालिकाको आन्तरिक स्रोत (जुन करिब १८—२०% मात्र छ) विकास निर्माणमा खर्च हुनुको सट्टा इन्धन, मर्मत, भ्रमण, परामर्श र अतिथि सत्कार जस्ता प्रशासनिक कार्यमा बढी खर्च भएको महालेखाको टिप्पणी छ।

- रूपान्तरणका लागि रणनीतिक हस्तक्षेप (**Proposed Solutions**)

वित्तीय परनिर्भरता घटाएर बर्दघाटलाई आत्मनिर्भर बनाउन आगामी नेतृत्वले निम्न कदम चाल्नु अनिवार्य छ।

- **राजस्व 'रि-साइकलिंग' मोडल:** कुन वडा वा टोलबाट कति कर उठ्यो र त्यसको निश्चित प्रतिशत (जस्तैः २५%) सोही क्षेत्रको विकासमा तुरुन्तै खर्च गर्ने 'प्रत्यक्ष लाभ' को नीति लागू गर्ने। यसले करदातालाई कर तिर्न प्रोत्साहित गर्छ।
- **डिजिटल राजस्व प्रशासन:** मोबाइल एप मार्फत घरमै बसेर कर तिर्ने र आफ्नो करको हिसाब पारदर्शी रूपमा हेर्न पाउने प्रणाली (Real-time Transparency) लागू गर्ने।
- **बेरुजु शून्य अभियान:** आर्थिक वर्ष २०८३ देखि 'शून्य बेरुजु' को नीति लिई वित्तीय अनुशासन कडाइका साथ पालना गर्ने। महालेखाले औंल्याएका कैफियतहरूलाई समयमै सुधार गरी नागरिकको विश्वास जित्ने।
- **गैर-कर राजस्वको खोजी:** केवल जनताको टाउकोमा कर थुपार्ने होइन, नगरपालिकाका आफ्नै प्राकृतिक स्रोत (नदीजन्य पदार्थ, पर्यटन, हाटबजार व्यवस्थापन) र खाली जग्गालाई व्यावसायिक उपयोग गरी गैर-कर राजस्व वृद्धि गर्ने।

- बर्दघाटको वित्तीय स्वास्थ्य सुधारका लागि **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**को अक्षरशः पालना मात्र होइन, बरु नागरिकलाई 'विकासको साझेदार' महसुस गराउनु आवश्यक छ। जब नागरिकले आफूले तिरेको एक रुपैयाँको पनि सही सदुपयोग भएको देख्छन्, तब मात्र स्वैच्छिक कर सहभागिता बढ्छ र बर्दघाट वास्तविक रूपमा 'आर्थिक रूपले आत्मनिर्भर' नगरपालिका बन्नेछ।

## ग) सहकारी ऐन २०७४: बचत-ऋणको चक्रबाट उत्पादनमुखी अर्थतन्त्रतर्फ

बर्दघाट नगरपालिकामा दर्ता र सञ्चालित करिब १०० भन्दा बढी सहकारीहरूको कुल पुँजी अर्बौंमा रहेको अनुमान छ। तर, सहकारी ऐन २०७४ को अध्ययन गर्दा यसले सहकारीलाई 'नियमन' गर्न खोजे पनि 'उत्पादनमा परिचालन' गर्ने ठोस कानुनी आधार दिएको देखिँदैन। सहकारीहरू हाल केवल "सस्तोमा निक्षेप लिने र महँगोमा व्यक्तिगत/उपभोक्ता ऋण प्रवाह गर्ने" एउटा सीमित वित्तीय संस्थाका रूपमा मात्र क्रियाशील छन्। यसले बजारमा तरलता त बढाएको छ, तर नगरपालिकाको उत्पादन (Productivity) मा कुनै योगदान पुर्‍याएको छैन। परिमार्जित कार्यविधिले **'अनिवार्य उत्पादनशील लगानी' (Compulsory Productive Investment)** को अवधारणा ल्याउनु पर्छ।

- **३०% अनिवार्य लगानी:** सहकारीको कुल ऋण लगानीको कम्तीमा ३० प्रतिशत हिस्सा कृषि प्रशोधन, साना तथा मझौला उद्योग (SMEs), र स्थानीय स्रोतमा आधारित लघु-उद्योगमा हुनुपर्ने बाध्यकारी व्यवस्था।

- **सहकारी-नगरपालिका साझेदारी:** नगरपालिकाले स्थापना गर्ने 'एग्रो-प्रोसेसिङ सेन्टर' मा सहकारीलाई शेयरधनी बनाउने गरी ऐनमा संशोधन।
- **जोखिम न्यूनीकरण कोष:** उत्पादनशील क्षेत्रमा लगानी गर्दा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न नगरपालिकाले एक 'ग्यारेन्टी फण्ड' खडा गर्ने नीतिगत व्यवस्था।

## घ) शिक्षा ऐन २०७७: साक्षरताबाट 'लैङ्गिक र प्राविधिक सक्षमता' तर्फ

बर्दघाटको साक्षरता दर ८२.५% हुनु सुखद पक्ष भए तापनि **शिक्षा ऐन २०७७** ले सम्बोधन गर्न नसकेका केही गम्भीर सामाजिक र प्राविधिक पक्षहरू छन्। साक्षरतामा देखिएको १२.४% को अन्तर (महिला ७६.८% र पुरुष ८९.२%) ले हाम्रो शिक्षा प्रणालीमा 'पहुँच' त छ तर 'समानता' छैन भन्ने पुष्टि गर्छ। जनगणना २०७८ को यो तथ्याङ्कले २०७७ को शिक्षा ऐन 'लैङ्गिक संवेदनशीलता' मा असफल भएको देखाउँछ।

- बर्दघाटको यो ऐन परम्परागत विद्यालय सञ्चालनमा मात्र सीमित छ। २०८२ को प्रगति प्रतिवेदन हेर्दा नगरका करिब ५०% भन्दा बढी युवाहरू विद्यालय शिक्षा पछि सीपको अभावमा वैदेशिक रोजगारीमा गएको देखिन्छ।
- शिक्षा ऐन २०७७ ले कक्षा ९-१२ को पाठ्यक्रममा बर्दघाटको स्थानीय स्रोत (कृषि र साना उद्योग) सँग जोडिने गरी **'अनिवार्य प्राविधिक सीप'** लाई कानुनी रूपमा अनिवार्य गर्न सकेन। यसले गर्दा साक्षरता त बढ्यो, तर 'दक्ष नागरिक' उत्पादन हुन सकेनन्।
- कोभिड-१९ पछिको शिक्षा प्रणालीमा 'डिजिटल साक्षरता' अनिवार्य भए पनि बर्दघाटको शिक्षा ऐनले यसलाई अझै पनि 'ऐच्छिक' वा 'बजेट भएमा गरिने' कार्यका रूपमा राखेको छ।
- ऐनले प्रत्येक विद्यालयमा 'डिजिटल ल्याब' र 'स्मार्ट क्लास' लाई न्यूनतम मापदण्डका रूपमा अनिवार्य नगरेसम्म २०८३ पछिको शिक्षा प्रणालीले विश्वव्यापी चुनौतीको सामना गर्न सक्दैन।
- **परिमार्जनका ठोस बुँदाहरू**
    - **विशेष प्राविधिक कोटा:** नगरपालिकाभित्रका प्राविधिक शिक्षालय स्थापना गरी महिला, दलित र सीमान्तकृत समुदायका लागि कम्तीमा २५% 'विशेष प्राविधिक कोटा' र पूर्ण छात्रवृत्तिको कानुनी ग्यारेन्टी गर्नुपर्छ।
    - **डिजिटल साक्षरता मिशन:** साक्षरताको परिभाषालाई केवल 'लेखपढ' बाट बदलेर 'डिजिटल साक्षरता' मा लैजान ऐनमा संशोधन आवश्यक छ।
    - **शिक्षण र बजारको सम्बन्ध:** माध्यमिक तहको पाठ्यक्रममा स्थानीय उद्योग र कृषिसँग सम्बन्धित 'सीप विकास' लाई अनिवार्य विषयका रूपमा समावेश गर्ने (Vocational Integration)।

- **संवैधानिक ग्यारेन्टीः** "नेपालको संविधानको धारा ३१ ले दिएको शिक्षाको अधिकारलाई पूर्ण कार्यान्वयन गर्न बर्दघाटले **'शिक्षक दरबन्दी मिलान'** र **'विशेष छात्रवृत्ति कोष'** लाई ऐनमै संशोधन गरी अनिवार्य गर्नुपर्ने।"
- **सिकाइ उपलब्धि अडिटः** "विद्यालयलाई दिइने अनुदान केवल विद्यार्थी संख्याको आधारमा मात्र नभई उनीहरूको **'सिकाइ उपलब्धि' (Learning Outcomes)** र गुणस्तर अडिटको आधारमा प्रदान गर्ने गरी ऐन परिमार्जन।

## ङ) सुशासन र उत्तरदायित्वमा नयाँ आयामः २०८२ का ऐन र कार्यविधिहरूको विश्लेषण

बर्दघाट नगरपालिकाले संघीयताको दोस्रो कार्यकालको उत्तरार्धमा आएर केही 'ग्याप'हरूलाई सम्बोधन गर्न नयाँ कानुनहरू निर्माण गरेको छ। यी कानुनहरूले नगरको नीतिगत स्वायत्ततालाई अझै परिष्कृत गरेका छन्।

### *१) सामाजिक सुरक्षा र शिक्षामा नगरको अभिभावकत्व*

- **विद्यार्थी दुर्घटना राहत कोष र नगर प्रमुख छात्रवृत्ति ऐन, २०८२ः**

यी दुई ऐनले बर्दघाटको शिक्षा प्रणालीलाई केवल 'साक्षरता' मा मात्र सीमित नगरी 'सुरक्षा र पहुँच' सँग जोडेका छन्। यसले विपन्न र जेहेन्दार विद्यार्थीहरूका लागि राज्यको उपस्थितिको ग्यारेन्टी गर्छ। जनगणना २०७८ ले देखाएको साक्षरताको लैङ्गिक र जातीय खाडल पुर्न यी ऐनहरूले 'वित्तीय सुरक्षा कवज' (Financial Safety Net) को काम गर्नेछन्।

### *२) पूर्वाधारको दिगोपना र आर्थिक अनुशासन*

- **मर्मत संभार कोष सञ्चालन ऐन, २०८२ः**

महालेखा परीक्षकको प्रतिवेदनले विगतमा औंल्याएको एउटा मुख्य त्रुटी 'निर्माणपछिको मर्मत अभाव' थियो। नयाँ योजना बनाउनुभन्दा बनेका योजना टिकाउनु आर्थिक रूपले बढी लाभदायी हुन्छ भन्ने सिद्धान्तलाई यस ऐनले अंगीकार गरेको छ। यो ऐनले "असारे विकास" र हचुवाका भरमा गरिने सडक मर्मत खर्चलाई व्यवस्थित र योजनाबद्ध बनाउनेछ।

- **लेखा समिति गठन र संचालन नियमावली, २०८२:**

यो सुशासनको सबैभन्दा बलियो कडी हो। नगर सभाको 'लेखा समिति'लाई शक्तिशाली बनाउनाले कार्यपालिका (मेयर र वडाध्यक्षहरू) माथि विधायिकी नियन्त्रण कायम हुन्छ। यसले बेरुजु घटाउन र आन्तरिक भ्रष्टाचार न्यूनीकरणमा 'वाचडग' (Watchdog) को भूमिका निर्वाह गर्छ।

### *३) बजार नियमन र उपभोक्ता हित*

- **बजार अनुगमन सम्बन्धी ऐन, २०८२:**

राजमार्ग केन्द्रित व्यापारिक केन्द्र भएकोले बर्दघाटमा मिसावट, कृत्रिम अभाव र मूल्यवृद्धि ठूलो समस्या थियो। यस ऐनले नगरपालिकालाई केवल 'प्रशासकीय अड्डा' बाट 'नियामक निकाय' (Regulatory Body) मा स्तरोन्नति गरेको छ।

- **कार्यविधि र निर्देशिका (२०८१/०८२): कार्यान्वयनको बलियो आधार**

नगरपालिकाले जारी गरेका कार्यविधिहरूले नीतिलाई 'एक्सन' मा बदल्ने प्रयास गरेका छन्:

- **सहकारी निरीक्षण तथा अनुगमन कार्यविधि, २०८१:**

यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको 'सहकारीको पुँजी उत्पादनमा लगाउने' प्रस्तावलाई यसले कानुनी जग दिएको छ। अब सहकारीलाई केवल कार्यालयमा बसेर नियमन गर्ने मात्र होइन, स्थलगत अनुगमन गरी जोखिम विश्लेषण गर्ने अधिकार नगरले पाएको छ।

- **सिप विकास तालिम र नगर प्रमुखका १२ अभियान:**

यी कार्यविधिहरूले बर्दघाटको 'आर्थिक विकासको मोडल' लाई स्पष्ट पार्छन्। '१२ अभियान' ले नगरको स्रोतलाई छरिनुबाट जोगाएर निश्चित रणनीतिक प्राथमिकतामा केन्द्रित गर्छ। यसले बजेटको 'डुप्लिकेशन' रोक्छ।

- **कार्यसञ्चालन खर्च (दोस्रो संशोधन) कार्यविधि:**

प्रशासनिक खर्चमा हुने बेथिति र महालेखाको टिप्पणीलाई सम्बोधन गर्न यो संशोधन आएको देखिन्छ। यसले अतिथि सत्कार, इन्धन र बैठक भत्ता जस्ता 'अनुत्पादक खर्च' मा लगाम लगाउने कानुनी आधार तयार पारेको छ।

बर्दघाट नगरपालिकाले २०८२ सम्म आइपुग्दा **'कानुनी प्रचुरता'** (Legislative Abundance) त हासिल गऱ्यो, तर मुख्य चुनौती अझै पनि **'कार्यान्वयनको निष्पक्षता'** मै छ। उदाहरणका लागि, *लेखा समिति* गठन हुनु मात्र ठूलो कुरा होइन, त्यसले आफ्नै दलका जनप्रतिनिधिको बेरुजुमाथि कति निर्धक्क भएर प्रश्न उठाउन सक्छ भन्ने कुराले सुशासनको स्तर मापन गर्छ। त्यस्तै, *छात्रवृत्ति ऐन*ले लक्षित वर्ग (जनगणना २०७८ का सीमान्तकृत समूह) लाई साँच्चै समेट्छ वा राजनीतिक पहुँचका आधारमा वितरण हुन्छ भन्ने कुराले यसको सफलता निर्धारण गर्नेछ। यी २०८२ का अद्यावधिक दस्तावेजहरूले बर्दघाटलाई **'प्रतिक्रियात्मक सरकार'** (Reactive Government) बाट **'सक्रिय र जिम्मेवार सरकार'** (Proactive & Responsible Government) मा रूपान्तरण गर्न खोजेको देखिन्छ।

# २. जनसांख्यिक र आर्थिक अवस्थाः प्रमाणमा आधारित रणनीतिक विश्लेषण

बर्दघाट नगरपालिकाको नीतिगत स्वायत्तता र पूर्वाधार विकासको प्रभावकारिता बुझ्न यहाँको जनसांख्यिक र आर्थिक धरातललाई सूक्ष्म रूपमा केलाउनु आवश्यक छ। जनगणना २०७८ र २०८२ को प्रगति प्रतिवेदनले नगरको 'शक्ति' (Strength) र 'सुधारका क्षेत्र' (Areas for Improvement) लाई स्पष्ट रूपमा उजागर गरेको छ।

### *क) जनसांख्यिक बनोट र मानव पुँजी (Human Capital Analysis)*

- **जनसंख्या र वृद्धिः** जनगणना २०७८ अनुसार बर्दघाटको कुल जनसंख्या ७६,७०३ रहेको छ। वार्षिक जनसंख्या वृद्धि दर २.७७% हुनुले बर्दघाट लुम्बिनी प्रदेशकै तीव्र शहरीकरण भइरहेको नगरका रूपमा देखिएको छ। यो तीव्र वृद्धिले विद्यमान भौतिक पूर्वाधार (खानेपानी, ढल, सडक) माथि थप चाप सिर्जना गरेको छ। २०८२ को प्रगति प्रतिवेदनले यो चापलाई थेग्न **'एकीकृत शहरी विकास गुरुयोजना'** को अभावलाई मुख्य चुनौतीका रूपमा स्वीकार गरेको छ।
- **साक्षरताको लैङ्गिक खाडलः** कुल साक्षरता ८२.०५% भए तापनि पुरुष (८९.२%) र महिला (७६.८%) बीचको **१२.४% को अन्तर** अझै कायम छ। साक्षरतामा देखिएको यो अन्तरले नगरका शिक्षा सम्बन्धी ऐन र कार्यविधिहरू 'लैङ्गिक रूपमा समावेशी' हुन नसकेको र २०८२ सम्मका कार्यक्रमहरूले यो ग्यापलाई पुर्न नसकेको पुष्टि गर्छ।

### *ख) आर्थिक सक्रियता र आत्मनिर्भरताको अवस्था*

बर्दघाटको अर्थतन्त्र राजमार्ग केन्द्रित व्यापार, सेवा क्षेत्र र कृषिमा आधारित छ।

- **कृषि क्षेत्रको विरोधाभासः** ५५% भन्दा बढी जनसंख्या कृषिमा आश्रित भए तापनि २०८२ को वार्षिक प्रगति प्रतिवेदनले नगरको कूल आन्तरिक राजस्वमा कृषिको योगदान नगण्य

रहेको देखाउँछ। **कृषि व्यवसाय प्रवर्द्धन ऐन** कागजमा सीमित हुँदा कृषि क्षेत्र 'उद्यम' बन्न सकेको छैन। किसानहरू अझै पनि निर्वाहमुखी खेतीमै हुनु र वैदेशिक रोजगारीका लागि जाने युवाहरूको संख्या (करिब १४% भन्दा बढी) बढ्नुले 'स्थानीय रोजगार नीति' को असफलता झल्काउँछ।

- **वित्तीय परनिर्भरता:** २०८२ को बजेट र आर्थिक ऐन विश्लेषण गर्दा नगरको आन्तरिक राजस्व १८-२०% मा खुम्चिएको छ। ८०% बजेट संघीय अनुदानमा निर्भर हुनुले बर्दघाटको 'नीतिगत स्वायत्तता' माथि नै प्रश्न खडा गरेको छ।

### *ग) भौतिक पूर्वाधार र शहरीकरणको चुनौती*

नगरपालिकाको २०८२ को प्रगति प्रतिवेदनले भौतिक पूर्वाधारमा **९०% भन्दा बढी पहुँच** पुगेको दाबी गरे पनि यसको **'गुणस्तर र दिगोपना'** मा गम्भीर प्रश्नहरू देखिन्छ।

- **सडक पूर्वाधार:** १६ वटै वडामा सडक सञ्जाल विस्तार भए पनि 'ड्रेनेज विनाको पिच' का कारण मर्मत खर्च (Maintenance Cost) नयाँ निर्माणको तुलनामा ३०% ले बढेको छ।
- **अव्यवस्थित शहरीकरण:** वडा नं. ४, ७ र ९ मा भइरहेको तीव्र घर-निर्माण र रहेका प्लटिङले **भवन निर्माण आचारसंहिता** को फितलो कार्यान्वयनलाई स्पष्ट पार्छ। यसले ढल र फोहोर व्यवस्थापनलाई नगरपालिकाको सबैभन्दा पेचिलो समस्या बनाउने देखिन्छ।

### *घ) बर्दघाटको रूपान्तरणका लागि निम्न तीनवटा पक्षमा 'नीतिगत हस्तक्षेप' आवश्यक छ:*

१. **डाटा-ड्राइभन गभर्नेन्स:** जनगणना २०७८ को वडागत तथ्यांकको आधारमा बजेट विनियोजन गर्ने प्रणाली (Targeted Funding) विकास गर्ने।

२. **आन्तरिक स्रोतको विविधीकरण:** करको दर बढाएर होइन, बरु कृषि र लघु-उद्यमलाई 'व्यावसायीकरण' गरी करको दायरा बढाउने।

३. **दिगो पूर्वाधार:** 'पूर्वाधार विकास कार्यविधि' संशोधन गरी ढल र नाला विनाको सडक निर्माणलाई पूर्ण रूपमा निषेध गर्ने।

# ३. पूर्वाधार र सुशासन: महालेखाको कसी र प्रणालीगत त्रुटिको विश्लेषण

बर्दघाट नगरपालिकाको भौतिक पूर्वाधार विकास र सुशासनको अवस्थालाई **महालेखा परीक्षकको प्रतिवेदन** (२०७७/७८—२०८०/८१) ले एउटा 'प्रणालीगत संकट' का रूपमा चित्रण गरेको छ। महालेखाका कैफियतहरूलाई तर्क र तथ्याङ्कको आधारमा विश्लेषण गर्दै नगरको विकास प्रक्रियामा रहेका संरचनात्मक कमजोरीहरूलाई उजागर गर्दछ।

### ३.१ पूर्वाधार विकासमा 'प्रणालीगत त्रुटि' (Systemic Errors in Infrastructure)

नगरपालिकाले वार्षिक बजेटको ठूलो हिस्सा सडक र भवनमा खर्च गरे तापनि महालेखाले यसको **'दिगोपना'** र **'गुणस्तर'** माथि गम्भीर प्रश्न उठाएको छ।

- **इन्जिनियरिङ मापदण्डको उल्लंघन:** प्रतिवेदनहरूका अनुसार, बर्दघाटका अधिकांश सडक आयोजनाहरूमा 'ड्रेनेज' (ढल) र 'कम्प्याक्सन' को उचित व्यवस्था नगरी कालोपत्रे गरिएको छ। यसले गर्दा सडकको आयु ५ वर्ष हुनुपर्नेमा १-२ वर्षमै भत्किने गरेको छ। यो **'स्थानीय सरकार सञ्चालन ऐन'** को दफा ११ (ङ) को मर्म विपरीत हो।
- **अनुमान र यथार्थको खाडल (Variance Analysis):** धेरै आयोजनाहरूमा सुरुको इष्टिमेटभन्दा कामको अन्त्यमा ३०% सम्म लागत बढाइएको पाइएको छ। यो 'भेरिएसन अर्डर' को अत्यधिक प्रयोगले आर्थिक अनियमितताको जोखिमलाई संकेत गर्छ।

### ३.२ उपभोक्ता समितिः पारदर्शिताको संकट

बर्दघाटले आफ्ना साना र मझौला योजनाहरूमा **उपभोक्ता समितिलाई** प्राथमिकता दिएको छ। तर, महालेखाको प्रतिवेदनले यसलाई सुशासनको सबैभन्दा कमजोर कडी मानेको छ।

- **मेसिनरीको प्रयोग र 'लुकेको' ठेक्का:** नियम अनुसार उपभोक्ता समितिले श्रममूलक काम गर्नुपर्नेमा बर्दघाटमा डोजर र स्काभेटरको प्रयोग गरी 'लुकेका ठेकेदार' (Hidden Contractors) लाई काम सुम्पिएको पाइन्छ।
- **तथ्याङ्क:** २०७७ देखि २०८१ सम्मका प्रतिवेदनहरूले उपभोक्ता समिति मार्फत गरिएका काममा सार्वजनिक खरिद ऐनको पालना नहुँदा कुल बेरुजुको करिब **४०% हिस्सा** यही क्षेत्रमा रहेको देखाउँछ।

### ३.३ वित्तीय अनुशासन र बेरुजुको अवस्था (Audit Findings)

महालेखाको २०७७/७८ देखि २०८०/८१ सम्मको तुलनात्मक अध्ययनले बर्दघाटको वित्तीय स्वास्थ्य 'नाजुक' देखाउँछः

| आर्थिक वर्ष | बेरुजुको आयतन | मुख्य कैफियत (महालेखाको टिप्पणी) |
|---|---|---|
| २०७७/७८ | मध्यम | कोभिड—१९ व्यवस्थापनमा प्रमाण बिनाको खर्च र प्रशासनिक चुहावट। |

| | | |
|---|---|---|
| २०७८/७९ | उच्च | उपभोक्ता समितिबाट मापदण्ड विपरीतका सडक पिच र गुणस्तर परीक्षणको अभाव। |
| २०७९/८० | स्थिर | पेश्की फर्स्यौंट नहुनु र आर्थिक वर्षको अन्त्यमा असारे विकासको चाप। |
| २०८०/८१ | बढ्दो | परामर्श सेवा र अनुत्पादक क्षेत्रमा बजेट रकमान्तर। |

**रकमान्तरको राजनीतिः** विनियोजन ऐनको भावना विपरीत पूँजीगत बजेटलाई चालू खर्च वा वितरणमुखी कार्यक्रममा 'रकमान्तर' गर्ने प्रवृत्तिले नगरको **'वित्तीय सदाचार'** (Fiscal Integrity) लाई कमजोर बनाएको छ।

### *३.४ सुशासनका लागि रणनीतिक कमजोरीहरू*

- **आन्तरिक नियन्त्रण प्रणालीको विफलताः** नगरपालिकाको आफ्नै 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन' अनुसार हुनुपर्ने आन्तरिक लेखापरीक्षण र अनुगमन केवल 'कागजी' मात्र देखिएको छ।
- **पारदर्शिताको अभावः** महालेखाले पटक-पटक नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ र आयोजनाको होर्डिङ बोर्डमा कमजोरी औंल्याउनुले नगर प्रशासन र जनताबीचको **'ट्रस्ट डेफिसिट'** (विश्वासको संकट) लाई पुष्टि गर्छ।

महालेखाका यी ४ वर्षका प्रतिवेदनहरू बर्दघाट नगरपालिकाका लागि केवल 'वार्षिक विवरण' मात्र होइनन्, बरु यी त **'विकासको गलत मोडल'**का प्रमाणहरू हुन्। यी प्रणालीगत त्रुटिहरूलाई नसच्याएसम्म बर्दघाट 'कागजी समृद्धि' मा मात्र सीमित रहनेछ। अबको आवश्यकता 'भौतिक पहुँच' मात्र होइन, बरु **'प्रमाणमा आधारित सुशासन'** र **'गुणस्तरीय पूर्वाधार'** हो।

# ४. फोहर व्यवस्थापनको स्थिति र नगरपालिकाको भूमिका

बर्दघाट नगरपालिकाको **फोहरमैला व्यवस्थापन ऐन, २०७४** र **वातावरण संरक्षण ऐन**को कसीमा हेर्दा, नगरको फोहर व्यवस्थापन प्रणाली अझै पनि 'संकलन र डम्पिङ' (Collection & Dumping) को प्रारम्भिक चरणमै अल्झिएको देखिन्छ।

### *क) विद्यमान अवस्थाः चुनौतीको चाङ*

- **शहरी फोहरको दबाबः** वडा नं. ४ (बर्दघाट बजार), ७ र ९ जस्ता घना शहरी क्षेत्रबाट धेरै फोहर संकलन हुन्छ। तर, उक्त फोहरलाई स्रोतमा वर्गीकरण (Segregation at

Source) गर्ने अभ्यास सबै ठाउँमा नहुदाँ कुहिने र नकुहिने फोहर सँगै मिसिएर व्यवस्थापनमा जटिलता थपिएको छ।

- **डम्पिङ साइटको विवादः** नगरपालिकाले फोहर विसर्जनका लागि प्रयोग गर्दै आएको स्थान (जस्तैः खोला किनार वा वन क्षेत्र नजिक) वातावरणीय दृष्टिकोणले जोखिमपूर्ण छ। यसले गर्दा स्थानीय समुदाय र नगरपालिकाबीच पटक-पटक द्वन्द्व हुने गरेको छ।
- **औद्योगिक र मेडिकल फोहरः** राजमार्ग क्षेत्रका अस्पताल, क्लिनिक र साना उद्योगहरूबाट निस्कने जोखिमपूर्ण फोहरलाई सामान्य फोहरसँगै मिसाइनुले **'वातावरण संरक्षण ऐन'** को गम्भीर उल्लंघन भइरहेको छ।

### *ख) नगरपालिकाको भूमिकाः नीतिगत र कार्यगत विश्लेषण*

नगरपालिकाले फोहर व्यवस्थापनमा निर्वाह गरेको भूमिकालाई निम्न तीन पक्षबाट हेर्न सकिन्छः

1. **संस्थागत व्यवस्थापनः** नगरपालिकाले फोहर संकलनका लागि निजी क्षेत्रका संघसंस्थाहरु तथा सफाइ कर्मचारी परिचालन गरेको छ। तर, २०८२ को प्रगति प्रतिवेदनले संकलनको दायरा सबै १६ वटै वडामा पुग्न नसकेको र ग्रामीण वडाहरूमा फोहर जलाउने वा खाडलमा पुर्ने गरिएकाले वायु र भूमिगत जल प्रदुषण बढेको संकेत गर्छ।
2. **लगानीको प्राथमिकताः** २०७७ देखि २०८२ सम्मका बजेटहरू अध्ययन गर्दा फोहर व्यवस्थापनका लागि 'गाडी खरिद' र 'कर्मचारी तलब' मा मात्र बजेट खर्च भएको देखिन्छ। 'फोहरबाट मोहर' (Waste to Energy/Wealth) निकाल्ने आधुनिक प्लान्ट वा वैज्ञानिक प्रशोधन केन्द्र निर्माणमा ठोस लगानी भएको देखिँदैन।
3. **चेतनामूलक कार्यक्रमः** नगरपालिकाले सरसफाइ हप्ता वा साङ्केतिक कार्यक्रम गरे पनि नागरिकलाई "मेरो फोहर मेरो जिम्मेवारी" भन्ने स्तरमा बुझाउन र जरिवाना प्रणाली (Polluter Pays Principle) लागू गर्न सकेको छैन।

महालेखाको प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकन (EIA) गरी त्यसको आधारमा बर्दघाटले अब निम्न बमोजिमको भूमिका खेल्नुपर्छः

- **स्रोतमा वर्गीकरणको कानुनी बाध्यताः** कुहिने, नकुहिने र जोखिमपूर्ण फोहर घरमै छुट्याउनुपर्ने नियम कडाइका साथ लागू गर्ने र नछुट्याउनेलाई सेवाबाट बञ्चित गर्ने।
- **एकीकृत ल्याण्डफिल साइटः** वन मन्त्रालय र संघीय सरकारसँग समन्वय गरी वैज्ञानिक 'इन्जिनियरिङ ल्याण्डफिल साइट' को व्यवस्था गर्ने।
- **निजी क्षेत्रसँग साझेदारी (PPP Model):** फोहरलाई ऊर्जा वा कम्पोस्ट मलमा बदल्न निजी लगानीकर्तालाई आकर्षित गर्ने नीतिगत सहुलियत दिने।

- **प्लास्टिक निषेध र पुनः प्रयोगः बर्दघाट नगरपालिकाको राजपत्र**मा उल्लेखित वातावरणीय बुँदाहरूलाई सक्रिय बनाई 'सिंगल युज प्लास्टिक' मा प्रतिबन्ध र कपडाको झोला प्रवर्द्धन गर्ने।

बर्दघाट नगरपालिकाले फोहरलाई केवल 'निकाल्नु पर्ने कसिङ्गर' को रूपमा मात्र हेरिरहेको छ। तर, **स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ ले दिएको अधिकार प्रयोग गरी यसलाई 'आयस्रोत' र 'रोजगारीको माध्यम' बनाउन सकिने ठूलो सम्भावना छ। 'स्वच्छ र हरित बर्दघाट' का लागि फोहर व्यवस्थापनलाई प्राविधिक र वैज्ञानिक मोडेलमा लैजानु अपरिहार्य छ।

## ५. रूपान्तरणको मार्गचित्रः "सक्षम, सुशासित र आत्मनिर्भर बर्दघाट"

यो मार्गचित्रलाई पाँचवटा मुख्य रणनीतिक खम्बामा विभाजन गरिएको छ, जसले बर्दघाटलाई आगामी ५ वर्षभित्र नेपालकै नमुना नगरपालिकाका रूपमा स्थापित गर्ने लक्ष्य राख्दछ।

### १. वित्तीय स्वावलम्बन र राजस्व पुनर्संरचना (Fiscal Independence)

*लक्ष्यः आन्तरिक राजस्वलाई कुल बजेटको ४०% पुऱ्याउने र वित्तीय परनिर्भरता घटाउने।*

- **'करदाता सम्मान' र करको दायरा विस्तारः** करको दर बढाएर होइन, बरु व्यवसाय दर्ता र कर भुक्तानीलाई **१००% डिजिटल** गरी करको दायरा बढाउने। कर तिर्ने नागरिकलाई स्वास्थ्य र शिक्षामा निश्चित 'क्रेडिट' वा सहुलियत दिने नीति लागू गर्ने।
- **राजस्व रि-साइकलिङः** जुन वडा वा टोलबाट बढी राजस्व संकलन हुन्छ, त्यसको २५% रकम सोही क्षेत्रको तत्कालको आवश्यकता (सडक बत्ती, नाला, पार्क) मा सिधै खर्च गर्ने गरी **'आर्थिक ऐन'** संशोधन गर्ने।
- **बेरुजु शून्य प्रशासनः** प्रत्येक भुक्तानीमा 'अनलाइन अडिट' प्रणाली लागू गरी महालेखाको बेरुजुलाई शून्यमा झार्ने।

### २. एकीकृत पूर्वाधार र आधुनिक शहरीकरण (Integrated Infrastructure)

*लक्ष्यः सडकको आयु बढाउने र अव्यवस्थित शहरीकरण रोक्ने।*

- **'नो ड्रेन, नो रोड' (No Drain, No Road) नीतिः** नाला र गुणस्तरीय ढल नभएका कुनै पनि सडकमा कालोपत्रे नगर्ने कानुनी व्यवस्था गर्ने। यसले पूर्वाधारको आयु बढाउँछ र मर्मत खर्च ५०% ले घटाउँछ।

- **स्मार्ट डम्पिङ र वेस्ट-टु-एनर्जी:** फोहर संकलनलाई निजी क्षेत्रसँगको साझेदारी (PPP Model) मा लैजाने र नगरको कुनै एक स्थानमा **वैज्ञानिक फोहर प्रशोधन केन्द्र** स्थापना गरी फोहरबाट प्राङ्गारिक मल उत्पादन गर्ने।
- **भु-उपयोग योजनाको कडाइः** शहरीकरणलाई व्यवस्थित गर्न **'ल्याण्ड पुलिङ'** र **'ग्रीन बेल्ट'** को अवधारणा सहितको एकीकृत शहरी विकास योजना लागू गर्ने।

### ३. उत्पादनमुखी सहकारी र आधुनिक कृषि (Economic Transformation)

*लक्ष्यः सहकारीको पुँजीलाई उत्पादनमा लगाउने र कृषिलाई उद्यम बनाउने।*

- **सहकारी पुंजी परिचालनः 'सहकारी ऐन २०७४'** लाई संशोधन गरी प्रत्येक सहकारीले आफ्नो लगानीको ३०% अनिवार्य रूपमा कृषि प्रशोधन, चिस्यान केन्द्र (Cold Storage) वा लघु-उद्योगमा लगाउनुपर्ने बाध्यकारी नियम ल्याउने।
- **बर्दघाट ब्रान्डिङः** 'कृषि औद्योगिक जोन' घोषणा गरी त्यहाँ उत्पादित बस्तुको संकलन, ब्रान्डिङ र बजारीकरण नगरपालिका आफैंले गर्ने।
- **युवा उद्यमशीलता कोषः** वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूका लागि 'विना धितो सहुलियत ऋण' को व्यवस्था गरी उनीहरूलाई स्थानीय उत्पादनमा जोड्ने।

### ४. शैक्षिक साम्यता र प्राविधिक सीप (Educational Equity)

*लक्ष्यः लैङ्गिक साक्षरता अन्तर शून्यमा झार्ने र बेरोजगारी अन्त्य गर्ने।*

- **छोरी-बुहारी प्राविधिक छात्रवृत्तिः** जनगणना २०७८ ले देखाएको १२.४% को लैङ्गिक खाडल कम गर्न महिला र सीमान्तकृतका लागि प्राविधिक शिक्षा (नर्सिङ, इन्जिनियरिङ, आईटी) मा **२५% विशेष कोटा** र छात्रवृत्ति दिने।
- **सीप केन्द्रः 'शिक्षा ऐन २०७७'** संशोधन गरी कक्षा १० पछि प्रत्येक विद्यार्थीले कम्तीमा एउटा प्राविधिक सीप (प्लम्बिङ, इलेक्ट्रीसियन, कम्प्युटर, ग्राफिक्स) सिकेको हुनुपर्ने व्यवस्था गर्ने।
- **डिजिटल विद्यालयः** सबै सामुदायिक विद्यालयलाई हाई-स्पीड इन्टरनेट र 'स्मार्ट क्लास' मार्फत निजी विद्यालय सरहको गुणस्तरमा लैजाने।

### ५. डिजिटल गभर्नेन्स र सुशासन (Smart Governance)

*लक्ष्यः प्रशासनिक भ्रष्टाचार अन्त्य गर्ने र नागरिकको पहुँच बढाउने।*

- **पेपरलेस प्रशासनः** राजस्व भुक्तानी, व्यक्तिगत घटना दर्ता र सिफारिसका लागि नगरपालिका धाउनु नपर्ने गरी मोबाइल एप (Smart Bardaghat App) मार्फत घरमै सेवा दिने।

- **रियल-टाइम पब्लिक ड्यासबोर्डः** नगरपालिकाको कुन योजनामा कति पैसा खर्च भयो र कति काम भयो भन्ने कुरा नागरिकले मोबाइलबाटै हेर्न मिल्ने गरी 'पारदर्शिता ड्यासबोर्ड' सञ्चालन गर्ने।
- **जनताको उजुरी, ७२ घण्टामा सम्बोधनः** नगरपालिकाको सेवाप्रति गुनासो भएमा ७२ घण्टाभित्र समाधान गर्ने 'हेल्प-डेस्क' को प्रभावकारी सञ्चालन।

यो मार्गचित्र बर्दघाटलाई **'खर्च गर्ने नगरपालिका'** बाट **'आम्दानी गर्ने र सेवा दिने नगरपालिका'** मा बदल्ने वैज्ञानिक योजना हो। २०७७ देखि २०८२ सम्मका कमजोरीहरूलाई पाठका रूपमा लिँदै, २०८३ पछिको नेतृत्वले यी पाँच खम्बामा टेकेर काम गरेमा बर्दघाट साँच्चै नै लुम्बिनी प्रदेशको मात्र होइन, सिंगो नेपालकै **'मोडल सिटी'** बन्नेछ।

## References


*नेपालको संविधान २०७२.* (२०७२). संविधान सभा-२०७०.

*महालेखा परीक्षकको वार्षिक प्रतिवेदन.* (२०७७-२०८१). महालेखा परीक्षकको कार्यालय।.

*राष्ट्रिय जनगणना २०७८ तथा बर्दघाट जनसंख्यिक विवरण २०८१.* (२०७९,२०८१). राष्ट्रिय तथ्याङ्क कार्यालय.

*स्थानीय राजपत्र.* (२०७४-२०८२). बर्दघाट नगरपालिका.

*स्थानीय सरकार संचालन ऐन.* (२०७४). नेपाल सरकार.